# जसमाथि अन्त्यहरू आइपुगेका छन्



**शबाथ दिउँसो**

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *प्रकाश ६:१२-१७; मत्ती २४:३६-४४; उत्पत्ति ६:१-८; २ पत्रुस २:४-११; उत्पत्ति १८:१७-३२; दानिएल ७:९, १०।*

**याद गर्नुपर्ने पद: "यी कुराहरू तिनीहरूलाई चेतावनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ। यसकारण जसले खड़ा छु भनी सोचेको छ, त्यो होशियार रहोस्, नत्रता त्यो लड्नेछ"** *(१ कोरिन्थी १०:११, १२)*।

**"बर्तमान सत्य"** के हो भनेर हामीलाई बुझाउने साँचोहरू र परमेश्वरका जनहरूलाई भविष्यका घटनाहरू औँल्याएका लेखहरूले बाइबल भरिएको छ। अझ भन्ने हो भने ती केही विवरणहरले अन्तिम दिनका घटनाहरूका चित्रणहरू अचम्म तरिकाले विस्तृत रूपमा गरेका छन्। त्यसले गर्दा दानिएल र प्रकाशमा उल्लेख गरेका भविष्यवाणीहरूलाई बुझ्न फराकिलो जग ती चित्रणहरूले स्पष्ट रूपमा प्रस्तुत गर्दछन्।

मानिसको व्यक्तिगत आत्मनिर्णयको स्वतन्त्रतालाई हस्तक्षेप नगरीकन परमेश्वरले घटनाहरूलाई सञ्चालन गर्न सक्नुहुन्छ। ती भविष्यवाणीहरू

अगमवक्ताहरूलाई प्रकट गरिएको अनुसार अन्तिम दिनहरूमा पूरा हुनेछन्। कतिपय महत्त्वपूर्ण विवरणहरू स्पष्ट छन्। नयाँ करारले अन्तिम दिनका घटनाहरूलाई याद दिलाउन बितेका घटनाहरूलाई सम्बोधन गरेका थिए। तिनीहरूमा सदोम र गमोरा, जलप्रलय आदि छन्। अरूहरू होसियारसाथ बुझ्नुपर्छ। बाइबलमा दिएका सत्यहरूबाट खोजी खोजी ती चित्रणहरूका अर्थ बुझ्नु आवश्यक हुन्छ।

भविष्यका घटनाहरूलाई बुझाउन केही मुख्य कथाहरूमा खोजीनीति गर्न दुई हप्तासम्म हामी समय बिताउनेछौं। तिनीहरूमा दोस्रो आगमन, छानबिनको न्याय, अन्तिम दिनका सङ्कटहरू र अझ बढी घटनाहरूको विषयमा खोजीनीति गर्नेछौं। ती सबैमा येशू ख्रीष्ट केन्द्रबिन्दु हुनुभएको हामी पाउनेछौं। हाम्रो भविष्यवाणी बुझ्ने प्रयासको जग र अन्तिम लक्ष्य येशू ख्रीष्ट नै हुनुपर्दछ।

# थुमाको क्रोध

पढ्नुहोस्: **युगको अन्तिम दिनहरूमा हुने घटनाहरू अचानक आइपर्दा अहिले नै येशूप्रति आशक्त नहुनेहरूका प्रतिक्रिया कस्तो हुनेछ? हेर्नुहोस्, प्रकाश ६:१२-१७।**

---

---

परमेश्वरलाई विश्वास नगरी पापमै चुर्लुम्म दुबेर रमाउने र अनन्त जीवन गुमाउनेहरूले "यो के भएको हो?" वा "यसको पछाडि के छ?" भन्ने क्रन्दन गरेको हुँदैन भन्ने धारणा रोचक छ। के भइरहेको छ सोप्रति तिनीहरूलाई *जानकारी* छ भनेर देखाउँछ। तिनीहरूले येशूलाई पाठो भनेर सम्बोधन गर्दछन्। तिनीहरूलाई येशू ख्रीष्टको बारेमा केही न केही जानकारी भएको थियो भनेर यसले देखाउँछ। उहाँको क्रोधको महान् दिन आइपुग्यो भन्ने ज्ञान पनि तिनीहरूमा भएको देखाउँछ। अब तिनीहरू नैराश्यको भुमरीमा परेका तिनीहरूले स्वीकार्न पुग्छन् र चिच्याउँछन्, "यस भयावभ परिस्थितिमा को खडा हुन सक्छ र?"

युगको अन्त हुनुभन्दा पहिले संसारको प्रत्येक राष्ट्रमा सुसमाचार फैलिसकेको हुन्छ *(मत्ती २४:१४)*। सारा पृथ्वी ग्रहमा नै तिन स्वर्गदूतहरूका सन्देशहरू फैलिसकेका हुनेछन्। तैपनि कतिपय मानिसहरूको लागि यो नसोचिएको कुरा नसोचिएको समयमा हुनेछ। तिनीहरूले चाहिने जानकारी नभएकोले होइन तर तिनीहरूले पाएको सुसमाचारलाई स्वीकार गर्न र पालना गर्न अस्वीकार गरेकाले यसो हुन्छ। यही कारणले अन्तिम दिनहरूमा कतिपय मानिसहरूले अनन्त वा अमर जीवन गुमाउन पुग्छन्।

पढ्नुहोस्: **मत्ती २४:३६-४४ पढ्नुहोस्। नोआको कथाबाट हामीले के-के पाठहरू सिक्नुपर्छ भनेर येशूले हामीलाई बताउनुहुन्छ?**

येशूले जलप्रलयको कथालाई औँल्याउनुहुन्छ। त्यो हामीलाई चेतावनीको स्वरूपमा सतर्क गराउनुको लागि औँल्याउनुभएको थियो। तर धेरै मानिसहरूका निम्ति त्यो चकित पार्ने घटना थियो। जलप्रलय कसैलाई थाहै नदिईकन आएको थिएन। तिनीहरूलाई चेतावनी दिइएको थियो। त्यसरी नै दोस्रो आगमन पनि कसैलाई थाहा नै नदिईकन छक्क पार्न आउनेछैन। नोआले १२० वर्षसम्म प्रचार गरेका थिए। तर त्यस बेलाको संसारले नोआका चेतावनीलाई विश्वास गर्न अस्वीकार गरेको थियो। के हुनेछ भनेर तिनीहरूलाई सुनाएको थियो। तर तिनीहरूले विश्वास गर्न अस्वीकार गरे।

येशूका आगमनको बारेमा गरेका भविष्यवाणीहरू वर्षौं-वर्ष भएकोले ती भविष्यवाणीहरू झूटा हुन भनेर कतिले सोचेका हुन्छन्। उहाँ आउने कुरो मात्र हो; त्यसको बारेमा पिर मान्नुपर्दैन भनेर मानिसहरू ढुक्क हुन्छन्। जल प्रलयलाई औँल्याएर पत्रुसले यो लेख्दछन्, "पछिल्ला दिनहरूमा गिल्ला गर्नेहरू गिल्ला गर्दै, तिनीहरूका आफ्नै अभिलाषामा यसो भन्दै आउनेछन्, 'उहाँका आगमनको प्रतिज्ञा कहाँ गयो? किनकि पिता-पुर्खाहरू सुतिसकेका दिनदेखि नै सबै कुरा सृष्टिको सुरुदेखि चलिआएजस्तै आज पनि छँदैछ'" *(२ पत्रुस ३:३, ४)*। जब वर्ष बितिरहन्छ येशूको आगमनको बारेमा यो भावनाले कठोर हुँदै जानेछ।

**आत्मिक अनुभवमा प्रत्येक मानिसको आ-आफ्नै अनुभव हुन्छ। येशूको दोस्रो आगमन, अझ भनौं तेस्रो आगमनको घटना हाम्रो मृत्युपछि केवल क्षणिक मात्र हो भनेर हामीले बुझ्नुपर्छ। वर्तमान हाम्रो जीवन कति क्षणिक हो त्यो हामीलाई थाहा छ। यस परप्रेक्ष्यमा "ढिलो" हुनुको मामिला हाम्रो निम्ति के हो र?**

# नोआले प्रचार गरेका सुसमाचार

धेरै मानिसहरू येशूको आगमनका निम्ति तयार हुँदैनन् भनेर पत्रुसले हामीलाई याद दिलाउँछ। तिनीहरूले जानाजानी बिर्सेका हुन्छन् *(२ पत्रुस ३:५)*। जलप्रलयमा जे भयो त्यही स्थिति पछि हुनेछ भनेर उनले हामीलाई बताउँछन्। संसारका विभिन्न संस्करिहरूमा कुनै न कुनै प्रकारले विश्वमा महान् जलप्रलय भएको कथाहरू छन्। यद्यपि, बाइबलमा लेखिएको जलप्रलयको विवरणलाई धेरै मानिसहरूले अत्यन्तै गिल्ला गर्दछन्। जानाजानी यो त पौरणिक दन्त्यकथा हो भनेर त्यस कथालाई मानिसहरूले पन्छाउँछन्। पुरानो करारमा यसको विवरण स्पष्ट तरिकाले चित्रण गरिएको छ, र नयाँ करारले पनि विभिन्न ठाउँहरूमा यसको बारेमा सम्बोधन गरेको छ।

पढ्नुहोस्: **विश्वको परिस्थिति नोआको समयजस्तै हुनेछ भनेर येशूले भन्नुभएको थियो। मत्ती २४:३७-३९सँग उत्पत्ति ६:१-८ तुलना गरेर पढ्नुहोस्। मानिसहरूका नैतिक स्तर कस्तो थियो जसले गर्दा जलप्रलय हुन बाध्य भएको थियो? वर्तमान परिस्थिति पनि कुन कुरा त्यही पौराणिक कालजस्तो भएको छ?**

परमेश्वरका अन्तिम दिनमा रहेका बाँकी सन्तानले सिक्नुपर्ने एउटा अर्को महत्त्वपूर्ण पाठ नोआको कथाबाट सिक्न सक्छौं। हिब्रू ११:७मा नोआका बारेमा हामीलाई यो बताउँछ, "नोआले ... आफ्नो घरानालाई बचाउन एउटा जहाज बनाए। यसरी संसारलाई दोषी ठहराएर विश्वासद्वारा उनी आउने धार्मिकताका उत्तराधिकारी भए।"

शताब्दीसम्म केही परिणाम नपाईकन नोआले प्रचार गरेको कल्पना गर्नुहोस्। उनले केवल आफ्नो परिवारलाई मात्र जहाजमा भित्र्याउन सकेका थिए। यदि नोआ आधुनिक प्रचारक, पास्टर वा मिसनेरी भएको भए उनी असफल भनेर उनलाई

हामीले पन्छाउनेथियौं। हाम्रो भाषामा, दशकौँसम्म प्रचार गर्दा *एक जनालाई पनि नोआले बप्तिस्मा दिन सकेका थिएन*।

भाग्यवस, यस समयमा संसारका धेरै देशका मानिसहरू धेरैले वा थोरैले तिन स्वर्गदूतका सन्देशहरूलाई सुनेर विश्वासमा आएका छन्। हाम्रो अन्तिम युगका विशेष सन्देशहरू विभिन्न माध्यमहरूद्वारा प्रभावकारी रूपमा प्रचार प्रसार भइरहेका छन्। संसारका धेरै मानिसहरूले येशूका बारेमा थाहा पाइरहेका छन्। हामीले जे जति प्रचार प्रसार गर्छौं वा जुन तरिकाहरू अपनाएर सुसमाचार सुनाउँछौं, त्यो बेकार भएको छ र केही नतिजा छैन भन्ने बिन्दुमा हामी छैनौं। तर त्यो समय आउनेछ जब परमेश्वरको दया र अनुग्रहको ढोका बन्द गरिनेछ। यसरी केवल एउटै सानो वाक्यले "जो कन्याहरू तयार थिए तिनीहरू विवाहको दुलाहालाई भेट्न गए अनि ढोका बन्द गरिएको थियो" युगौँ-युगदेखिको मुक्तिदाताको अन्तिम सेवाकार्यलाई जनाउँछ। जब मानव प्राणीको मुक्तिको महान् काम सम्पन्न हुन्छ तब स्वर्गको ढोका मानिसको निम्ति सदा बन्द गरिनेछ।"—एलेन जी. ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ४२८।

त्यस समयसम्म हामी सेभेन्थ-डे एड्भेन्टिस्ट चर्चको हैसियतले धेरै काम गर्न बाँकी छ।

**कतिपय समयमा हाम्रो सुसमाचारीय व्यक्तिगत वा सामूदायिक क्रियाकलापको प्रयासबाट केही नतिजा नदेख्दा हामी निराश हुन्छौं। तैपनि हाम्रो प्रयास किन जारी राख्नुपर्छ?** *(यूहन्ना ४:३७ हेर्नुहोस्)*।

# सदोम र गमोराको कथा

अन्तिम दिनमा हुने घटनाहरूका विवरण दिने क्रममा पत्रुसले पुरानो करारको एक मुख्य कथालाई सिधै सम्बोधन गरेर हामी सबैलाई सजग गराउँछ। त्यो कथा हो सदोम र गमोराको विनाश। उपत्यकामा रहेका सहरहरू, सदोम र गमोरा, खराब र दुष्ट चरित्रहरूले भरिएका थिए। ती सहरहरू पहिला थिए जुन आकाशबाट आगो वर्षेर भस्म भएको थियो। जनसङ्ख्याको केन्द्रबिन्दु रहेका ती सहरहरूको विनाश कथाकै रूपमा प्रस्तुत भएको छ।

पढ्नुहोस्: **२ पत्रुस २:४-१२; यहूदा ५-८ र इजकिएल १६:४३-५८ पदहरू पढ्नुहोस्। तिनीहरूमा भएका विस्तृत विवरणहरू पढ्नुहोस्। ती सहरहरूका बासिन्दाहरूका नैतिक स्तर कतिको गिरेको रहेछ जसले गर्दा ती सहरहरू नाश हुन पुग्ये र ती समयको गिरेको नैतिक स्थिति आजको संसारमा पनि छैन र?**

यस ग्रहमा रहेका अन्तिम दिनका मानिसहरूलाई सदोम र गमोरालाई औँल्याएर दिएको चेतावनी स्पष्ट छ: दुष्ट, आतङ्ककारी र भ्रष्ट मानिसहरू आगोबाट नै सदाको निम्ति भस्म हुनेछन्। प्रकाश २० अध्यायमा यस बारे सबैले बुझ्ने गरेर उल्लेख गरिएको छ। पाप अचम्मको धोखेबाज हो। हाम्रा हृदय, दिमाग, चरित्र, स्वभाव र मिजासलाई यसले अन्धो बनाएर राख्छ। आफूले जे गरेको छ सो ठिकै छ भन्ने मनोभावले परमेश्वरका आज्ञा र नीतिहरूलाई उल्लङ्घन गर्ने वा बेवास्ता गर्ने आचरणमा मानिसहरू सजिएका छन्। दुष्ट, खराब र आतङ्कित गर्ने तत्त्वहरू हाम्रा वरिपरि हावाजस्तै छरिएका छन्। इस्राएल राष्ट्रलाई परमेश्वरले आफ्नो प्रेम कतिको पोखाउनुभएको थियो भनेर इजकिएलले त्यही अध्यायमा उल्लेख गरेका छन् भने, सदोमको भन्दा पनि घोर पाप गरेकोले त्यो राष्ट्रलाई सजाय दिने चेतावनी पनि परमेश्वरले दिनुभएको थियो *(इजकिएल १६:४७)*।

इस्राएल राष्ट्र वेश्या वृतिमा संलग्न भएको थियो *(इजकिएल १६:४१)* अर्थात त्यो राष्ट्र नै आत्मिक रूपमा वेश्या भएको थियो। त्यस परमेश्वरको राष्ट्रका जनहरू सदोमका मानिसहरू*भन्दा घोर दुष्ट* भएको समाचार सुन्दा तिनीहरूलाई कस्तो भयो होला? सदोमका मानिसहरू अनैतिक र दुराचारमा फसेका विवरणहरू जनमानसमा कथाहरूझैँ फैलिएका थिए।

वर्तमान परिवेशमा हेर्दा सदोमका दुष्ट व्यवहार मानव समाजमा अहिले पनि कुनै नयाँ कुरा छैन। पौराणिक संसारमा भएका विसङ्गति, अनैतिकता, अत्याचार र दुराचारको लामो सूची पावलले रोमी १:१८-३२मा लेखेका छन्। आजका अखबारहरू र विद्युतीय माध्यमहरूले पनि समाजमा भएका घटनाहरू पावलले चित्रण गरेकै अनुसार चित्रण गरिरहेका छन्। अन्यजाति वा गैरयहूदीहरूका पापलाई पावलले चित्रण गर्दा तिनीहरूभन्दा यहूदीहरू उच्च कोटीका छन् भन्न खोजिरहेको होइन। तर परमेश्वरका जनहरू आफैले पनि तिनीहरूका पापहरू कति घोर र घाटक छन् भनेर बुझून् भनेर पावलले बताउन चाहेका थिए। जब दाऊदको पापलाई अगमवक्ता नातानले भन्डाफोर गरे तब दाऊदलाई त्यसरी नै सम्झाउन खोजेका थिए। धनी मानिसले गरिब मानिसको पाठो चोरेर मारेको कथा नातानले दाऊदलाई सुनाएका थिए। यस कथाले दाऊदको क्रोध दन्किएको थियो *(२ शमूएल १२:५)*। उनको निम्ति अन्याय असह्य भएको थियो। तब नातानले "त्यो धनी मानिस तपाईं नै हुनुहुन्छ" भनेर खुलेआम घोषणा गरेका थिए *(२ शमूएल १२:७)*। आफूलाई कथाको पात्र भएको दाऊदले देखोस् भन्ने नातानले चाहेका थिए।

बाइबल केवल पौराणिक जनहरूका निम्ति वा बाहिरका मानिसहरूका निम्ति मात्र सम्बोधन गर्दैन भनेर थाहा पाउनु जरुरी छ। तर बाइबल विगत र वर्तमान परमेश्वरका जनहरूका निम्ति पनि हो। जब प्रकाश १३ वा १७ले र पावलले चित्रण गरेका घनघोर पापहरूलाई उल्लेख गरिएका देख्छौं तब यो हाम्रो निम्ति पनि चेतावनी हो भनेर महसुस गर्नु आवश्यक छ, किनकि हामी पनि त्यही पापको जालोमा फस्न सक्छौं।

# सारा पृथ्वीका न्यायकर्ता

सदोम सहर भस्म हुनुभन्दा अघि माम्रेको भूमिमा भएको कथा रोचक छ। दुई स्वर्गदूतहरूका साथमा परमेश्वर अब्राहामकहाँ देखा पर्नुहुन्छ। जब अब्राहामले तिनीहरूलाई देख्छन् तब उनले स्वर्गका पाहुनाहरूलाई आफ्नो पालमा खानलाई बोलाउँछन्। यही समयमा नै अब्राहाम र साराले छोरा पाउनेछन् जसको वंशबाट मसीह जन्मिनेछ भनेर परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभएको थियो। येशू अब्राहामकै वंशबाट आउनुभएको थियो *(गलाती ३:१६सँग तुलना गर्नुहोस्)*। अनि त्यो कथा अचानक उपत्यकामा रहेका सहरहरूको दुष्टतातिर औँल्याउन पुग्छ।

पढ्नुहोस्: **उत्पत्ति १८:१७-३२ पढ्नुहोस्। परमेश्वरको चरित्र, स्वभाव र मिजासको बारेमा त्यस कथामा हामी के पाउँछौं? हाम्रो पृथ्वी ग्रहमा भइरहेको खराब, दुष्ट र आतङ्कलाई अन्तमा आएर उहाँले के गर्नुहुनेछ भनेर त्यस विवरणले हामीलाई के बताउँछ?**

परमेश्वरले के गर्नुहुन्छ भनेर उहाँले हामीलाई स्पष्टिकरण दिन आवश्यक छैन। तर मानिस जातको निम्ति उहाँका नियत र योजनाहरू के छन् भनेर उहाँले खुलासा गर्नुहुन्छ। अगमवक्ता आमोसले यसरी व्यक्त गर्छन्, “उहाँका सेवक अगमवक्ताहरूलाई आफ्नो कुरा नभनीकन परमप्रभुले केही पनि गर्नुहुन्न” *(आमोस ३:७)*।

सदोम र गमोरा सहरहरूलाई नाश गर्नुभन्दा अघि अब्राहामलाई त्यसको बारेमा खबर दिन परमेश्वरले उचित ठान्नुभएको थियो। उनले के देख्नेछन् सो अपेक्षा गरून् भन्ने परमेश्वरले चाहनुभएको थियो।

जब दुई स्वर्गदूतहरू दुष्ट सहरमा मानिसहरूलाई चेतावनी दिन गएका थिए तब त्यस बेला परमेश्वर अब्राहामसँग एक क्षण बातचित गर्न रोक्नुहुन्छ। ती स्वर्गदूतहरूको कामले अर्को साङ्केतिक स्वर्गदूतहरूको विषयमा याद दिलाउँछ

जसले युगको अन्तमा के हुनेछ भनेर देखाउने उस्तै काम गर्छन्। बेबिलोन रूपि दुष्ट सहर वा वातावरणमा रहेका परमेश्वरका जनहरूलाई बाहिर निस्कनू भनेर ती स्वर्गदूतहरूले आह्वान गर्नेछन् *(प्रकाश १४:६-१२; प्रकाश १८:१-४)*। जब सदोममा अन्तिम चेतावनी स्वर्गदूतहरूले दिइरहेका थिए तब त्यस बेला त्यहाँ के हुनेछ भनेर परमेश्वरले अब्राहामसँग छलफल गर्नुभएको थियो। पुर्खा अब्राहामका प्रश्नहरूलाई उहाँले जवाफ दिन थाल्नुभएको थियो।

"दुष्टका साथमा धर्मी जनलाई मार्ने काम तपाईंबाट कहिल्यै नहोस्। धर्मीको दशा पनि दुष्टको जस्तै हुनु त तपाईंबाट पर रहोस्। सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुन्न र?" *(उत्पत्ति १८:२५)*। यहाँ त अब्राहामले सदोमको मामिलाको बारेमा मात्र जाँच गरिरहेका थिएनन्, *परमेश्वरकै चरित्रलाई जाँचिरहेका थिए*। त्यसरी नै पृथ्वीलाई आगोले ध्वस्त पार्नुभन्दा अघि परमेश्वरले सारा भक्तजनहरूका सामु पुस्तकहरू खोल्नुहुनेछ *(प्रकाश २०:४, ११-१५)*। उहाँले आखिरमा यस पृथ्वीलाई आगो पठाएर के गर्नुहुनेछ, त्योभन्दा अघि हामीले नै छानबिन गरोस् भनेर उहाँले चाहनुहुनेछ। त्यसको अर्थ हामीमा भएका प्रश्नहरूको जवाफ पाउन उहाँले हामीलाई हजार वर्ष दिनुहुनेछ, जुन जवाफहरू अहिले हामीलाई थाहा छैन।

**दुष्ट र मुक्ति पाउन नचाहेकाहरूलाई उहाँले अन्तिम न्याय गर्नुभन्दा अघि प्रभुले हामीलाई हजार वर्षको समय दिनुहुनेछ, जसमा के हुनेछ र किन हुनेछ भन्ने जिज्ञासालाई हामीले बुझ्नेछौं। त्यसले हामीलाई परमेश्वरको चरित्रको बारेमा के भन्छ र उहाँ आफ्नो स्वभावमा कस्तो पारदर्शी वा खुला हुनुहुन्छ भनेर के बताउँछ? मानिसहरूका अस्तित्व उहाँमा मात्रै छ र यस संसारमा वा हाम्रै जीवनमा के भइरहेको छ भन्ने कुरा सोध्ने हाम्रो अधिकार पनि छैन भन्ने कुरालाई हामीले महसुस गर्नुपर्छ।**

# येशूको दोस्रो आगमन हुनुभन्दा पहिले हुने न्याय

दानिएल ७मा पर्दा पछाडि भइरहेको न्याय प्रक्रियाको झलकले हाम्रो आत्मालाई जागरूक बनाउँछ। त्यसमा परमेश्वरले पापको समस्यालाई कसरी समाधान गरिरहनुभएको छ भन्ने दृश्य हेर्ने अवसर हामीलाई दिएको छ। त्यसै बेला उहाँमा विश्वास गर्नेहरूलाई मुक्ति दिलाएर उहाँसँग सम्बन्ध राख्ने करार पनि उहाँले सक्रिय पार्नुभएको दृश्य हामी देख्न सक्छौं।

पढ्नुहोस्: **दानिएल ७:९, १०, १३, १४, २२, २६, २७ पढ्नुहोस्। दानिएलले लेखेका यीका पदहरूमा छानबिनको न्याय उल्लेख गरिएका छन्। न्यायको मुख्य विषयवस्तु के हो? न्यायको समयपछि त्यसको अन्तिम फैसला के भएको छ? यसले हामीलाई मुक्तिको योजनाको बारेमा के बताउँछ?**

___

___

मानव जातिलाई परमेश्वरले न्याय गर्ने कुरामा केही शङ्का पनि छैन। उपदेशक १२:१४मा यो कुरालाई स्पष्ट पारेको छ "मानिसको प्रत्येक कामलाई परमेश्वरले न्याय गर्नुहुनेछ वा जोख्नुहुनेछ।" कसैको न्याय गर्ने, आलोचना वा मूल्याङ्कन गर्ने काम हाम्रो कामै होइन भनेर पावलले हामीलाई याद दिलाउँछ। उनले लेखेका छन्, "हामी सबै जना ख्रीष्टको न्याय अदालतमा उभिनेछौं" *(रोमी १४:१०)*। कसले मुक्ति पाउँछ र कसले पाउँदैन भन्ने अभिलेखहरू परमेश्वरका निम्ति आवश्यक छैन। तर मुक्तिको योजनालाई मूल्याङ्कन गरिरहने स्वर्गदूतहरूमा त *(१ पत्रुस १:१२)* यो प्रश्न जरुरी हुनेछ। शैतानको विद्रोह र एक तिहाइ स्वर्गदूतहरू स्वर्गबाट निकालिएको ती स्वर्गदूतहरू देखेका थिए *(प्रकाश १२:४)*। अब परमेश्वरले हामीलाई नै उहाँको उपस्थितिमा ल्याइरहनुभएको छ। परमेश्वरले लेखाका पुस्तकहरू उहाँका सन्तहरूका सामु खोल्नुहुनेछ, र तिनीहरूले सबै कुरा देख्न पाउनेछन्।

सदोम र गमोराको निम्ति अब्राहामले पहल गरिरहेका कथाले ती सहरहरूको न्याय भइरहेको देखाउँछ। त्यस कथाबाट हामी परमेश्वरले गर्नुहुने न्यायको केही झलक पाउन सक्छौं। सदोममा पापहरूको छानबिन त भएकै थियो। त्यस सहरमा भएका दुष्टताको विरुद्धमा गरेको चित्कार चर्को भएको परमेश्वरले अब्राहामलाई सुनाउनुभएको थियो *(उत्पत्ति १८:२०)*। ती सहरहरूका गतिविधिले नै ठूलो बदनाम कमाएको थियो। ती सहरहरूका विनाश हुनु अघि केवल सदोम र गोमोरा मात्र छानबिन गरिएका थिएनन्। दुष्टहरूलाई नाश गर्ने परमेश्वरको नीति उचित थियो कि थिएन भन्ने कुरालाई पत्ता लगाउने ढोका उहाँले अब्राहामका निम्ति खोल्नुभएको थियो।

स्वर्गमा हुने न्यायमा को देखा पर्छन् त भनेर दानिएल ७मा औँल्याएकोमा मानिसको पुत्र *(दानिएल ७:१३; मत्ती २०:२८)* येशू नै हुनुहुन्छ। उहाँ देखा पर्नुभएकोले मात्र परमेश्वरका जनहरूको पक्षमा तिनीहरूका न्याय हुने भएको थियो *(दानिएल ७:२२)*। उहाँको सिद्ध पुण्य काम वा धार्मिकताले मात्र धर्मीहरू न्यायबाट पार हुनेछन्।

**तपाईंका लुकेका सबै पापहरू खुलाएर परमेश्वरको अगाडि उभिनुपरेको सोच्नुहोस्। यस न्यायको समयमा तपाईंलाई उन्मुक्ति दिने केवल एउटै मात्र आशा के हो?**

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित *पाट्रियार्क्स एण्ड प्रोफेटसको* पृ.१०१, १०२को “द फ्लड” भन्ने अध्याय पढ्नुहोस्।

“जब शैतानले प्रधान पूजारी र उनका मानिसहरूका पापलाई औंल्याउँछन् तब उनले त्यसको प्रतिवाद गर्न सक्दैन। इस्राएल निर्दोष छ भनेर उनले दाबी गर्न सक्दैनन्। उनी फोहरी लुगा लगाएर खडा हुन्छन्, जुन मानिसहरूका पापहरूका प्रतिक थियो। तिनीहरूका प्रतिनिधि भएर उनी स्वर्गदूतका सामु उभेका थिए। तिनीहरूका पापलाई स्वीकार गर्दै तिनीहरूका पश्चात्ताप र नम्रतालाई उनले प्रतिनिधित्व गरेका थिए। पाप क्षमा गर्ने उद्धारकर्ताको निगाहामा उनी उभेका थिए। विश्वासद्वारा उनले परमेश्वरका प्रतिज्ञाहरूको दाबी गरेका थिए। ...

“प्रभुलाई खोज्ने सबैलाई शैतानले दोष लगाउँछ, तर तिनीहरूका पापप्रति नाराज भएर होइन। तिनीहरूका कमीकमजोरी र बिग्रेका चरित्रहरूलाई उसले स्याबास दिन्छ। तिनीहरूले परमेश्वरका नीति वा दश आज्ञालाई उल्लङ्घन गरेर चले मात्र उसले तिनीहरूमाथि राज गर्न सक्छ भनेर उसलाई थाहा छ। येशूप्रति शत्रुभाव राखेकै कारणले उसले उहाँका भक्तहरूलाई दोष लगाउँछ। मुक्तिको योजनाले मानव प्राणीमाथि उसको पकड तोडिएको थियो, मानिसहरूलाई उसको शक्तिबाट राहत दिइएको थियो।

“आफ्नै बलले मानिस शत्रुका आरोपहरूसँग सामना गर्न सक्दैन। उसका वस्त्रहरू पापका दागहरूले भरिएका हुन्छन्। त्यही स्थितिमा ऊ परमेश्वरको सामु खडा हुन्छ। हाम्रा अधिवक्ता येशू परमेश्वरको अगाडि खडा हुनुभएर पश्चात्ताप गर्ने र विश्वास गर्ने सबैका निम्ति पहल गर्नुहुन्छ। तिनीहरूका प्राण आफूसँग रहन उहाँले प्रतिबद्धता देखाउनुहुन्छ। तिनीहरूका मामिलाको निम्ति उहाँले अपिल गर्नुहुन्छ। कलवरीको शक्तिशाली तर्कले दोष दिने शैतानलाई उहाँले परास्त गर्नुहुन्छ। परमेश्वरको दश आज्ञालाई उहाँ आफैले सिद्ध र पूर्णरूपमा पालन गर्नुभएकोले उहाँले सारा स्वर्ग र पृथ्वीमाथिको अधिकार पाउनुभएको छ। दोषी मानिसको निम्ति दया र पुनर्मिलनको दाबी गर्दै उहाँले पितासँग बिन्ती गर्नुहुन्छ।”—एलेन जी. ह्वाइट, *प्रोफेटस एण्ड किङ्गस्*, पृ. ५८३-५८६।

## छलफलको लागि प्रश्नहरू:

१. तिनीहरू संसारमा छन् तर तिनीहरू संसारका होइन भनेर येशूले चेलाहरूलाई सुनाउनुभएको थियो *(यूहन्ना १५:१९; यूहन्ना १७:१४-१६)*। संसारको प्रदुषित संस्कारबाट अलग भएर यसै संसारमा हामीले जिम्मेवार नागरिक भएर कसरी जीवन बिताउने? *(हेर्नुहोस्, याकूब १:२७)*।

२. जलप्रलयभन्दा पहिले नोआले सार्वजनिक रूपमा मानिसहरूलाई चेतावनी दिएका थिए। तर त्यसै समयमा पनि परमेश्वर र शैतानका बिचमा भइरहेको महाद्वन्द्वको चित्रण कस्तो थियो? त्यही स्थिति यस संसारमा अहिले पनि भएकोले हाम्रो भूमिका कस्तो हुनुपर्छ?

३. परमेश्वरले सदोममा आगो पठाउनुभएर विनाश गर्नुभएको जस्तै आकाशबाट आगो पठाउनुभएर सबै दुष्टहरूलाई सदाको निम्ति नाश गर्नुहुनेछ। तर त्योभन्दा पहिले परमेश्वरले दुष्ट मानिसहरूको पुनरुत्थान गरेर छोटो समयसम्म तिनीहरूसँग शैतानलाई काम गर्न दिनुभएको हुन्छ *(प्रकाश २०:७-९)*। सबै थोक ठिक पार्न परमेश्वरले त्यो अन्तिम चाल चाल्न किन आवश्यक थियो?

४. यस अध्यायमा तपाईंले विभिन्न कहानीहरू पढ्नुभयो। तिनीहरूलाई सोचेर तपाईंकै जीवनमा कस्तो सतर्क अपनाउनुपर्दछ? तपाईंको आशा केवल येशूमा मात्र छ भनेर ती कहानीहरूले तपाईंलाई कसरी सिकाउँछन्?

## भाग ६: मद्यपान त्याग्नु

*लेखक:* आन्ड्र्यु मेकचेस्नी

अमेरिकाको स्वतन्त्र दिवसमा साथीहरूसँगको जमघटमा डायनाले मद्यपानको अन्तिम घुट्को लिइन्। जाँडको बोटल खोलेर साथीहरूलाई भनिन्, "गर्मीको मौसमा चिसो जाँड लिनु कस्तो स्वादिलो छ!" अनि त्यसलाई मुखभरि पिइन् र अचानक थुकिन्। त्यो जाँड बिग्रेको जस्तो उनलाई लागेको थियो। अनि अर्को खालको जाँड चिस्याइएको दराजबाट लिइन्। त्यो पनि पिइन्, तर त्यो पनि झन् नराम्रो स्वाद भएको उनले महसुस गरिन्। जाँड त ठिकै छ भनेर साथीहरूले उनलाई सुनाइन्।

त्यस दिन डायनाले जाँड पिउन छोडिन्। जाँड पिउनु राम्रो छैन भनेर बाइबलले भनेको कारणले होइन तर पवित्र आत्माले उनको मद्यपान गर्ने चाहनालाई परिवर्तन गर्नुभएको थियो।

केही समयपछि डायना र लोरेनलाई लोरेनको बाबुले बप्तिस्मा दिए। त्यो शिकागोमा वार्षिक पारिवारिक पुनर्मिलनको अवसरमा थियो। जब बप्तिस्माको शपथ पहिला सुनिन्, डायना छक्क परिन्। त्यसमा लेखिएको थियो, "के तिम्रो शरीर पवित्र आत्माको मन्दिर हो भनेर विश्वास गर्छौ? शरीरलाई हानी गर्ने तत्त्वहरूलाई सेवन नगरी, अशुद्ध खाना नखाई, मद्यपानको प्रयोग नगरी, तिनीहरूको उत्पादन नगरी र हानीकारक लागु पदार्थहरूलाई बेचबिखन र दुरुपयोग नगरी के तिमीले परमेश्वरको सम्मान गर्छौ वा इज्जत राख्छौ?"

डायना र लोरेन यो सुनेर अचम्म माने। *हामीले यसको बारेमा पहिले नै किन थाहा पाएनौं* भनेर तिनीहरू एक आपसमा भने। उनी साल्ट लेकको एयरपोर्टको भट्टीमा काम गर्थिन्। त्यो काम सजिलो थियो र धेरै टिप पनि पाउँथिन्। धेरै नपढेका र धेरै खुबी नभएका मानिसहरूका निम्ति यो अत्यन्तै असल काम थियो भनेर मानिन्थ्यो।

आफूले काम छोड्ने भनेर डायनाले सुनाउँदा उनका सहकर्मीहरू छक्क परे। किन छोड्ने भनेर धेरैले सोधे। साहुले पनि उनलाई नछोड्न धेरै अनरोध गरे। आफ्नो आस्थाको बारेमा सुनाउँदा साहु र अरूहरूले चासो देखाएका थिए। डायना एयरपोर्टको अर्को पसलमा काम गर्न गइन्। त्यहाँ उनले बिस्कुटहरू बेच्ने काम पाइन्। उनको तलब धेरै त थिएन तर शबाथमा उनले काम गर्नुपरेको थिइनन्।

केही समयपछि डायना र लोरेनले तिनीहरूका हजुरबा र हजुरआमा भएको टेनस्सीमा सर्न परमेश्वरले अगुवाइ गर्नुभएको महसुस गरे। तिनीहरू त्यहाँको साउथर्न एड्भेन्टिस्ट युनभर्सिटी नजिकै सरे। यो आध्यात्मिक चुनौतीको ठूलो समय थियो। डायनासँग धेरै सांसारिक प्रवृत्तिहरू थिए जुन परमेश्वरलाई समर्पण गर्नुपरेको थियो।

जब लोरेनको आफन्तले डायनाको अखबार सम्बन्धी अनुभव भएको कुरा सुने तब साउथर्न रेडियो स्टेशनमा काम गर्न सल्लाह दिए। उनी त्यस स्टेशनको सञ्चालक थिए। डायनालाई त्यो काममा मन लागेको थिएन। तर लोरेनले प्रार्थना गर्न सल्लाह गरे। डायना त्यस रेडियो स्टेशनमा झण्डै दश वर्ष काम गरिन्। त्यस कार्यक्रमको विकास गर्ने निर्देशकको रूपमा पनि काम गरिन्। ती समयमा उनमा भएका पाप र अवगुणहरूलाई जित्न परमेश्वरले सहयोग गर्नुभएको थियो। उनी सानी बालिका हुँदा उनमाथि जबरजस्ती करणी गरेकोले उनीलाई नराम्रो चोटले पिरोलेको थियो।

अनि फ्लोरिडाको एड्भेन्टिस्ट अस्पतालको विकासको निर्देशकमा काम गर्न निवेदन दिन भनेर कसैले सुनायो। त्यस काममा आफू अयोग्य भएको उनले ठानिन् र निवेदन दिइनन्। तर लोरेनले प्रार्थना गर्नु भनेर सल्लाह दिए। उनी त्यस अस्पतालमा दश वर्ष काम गरिन्। अनि उनले आदिवासी अमेरिकन इन्डियन स्कुलको बारेमा थाहा पाइन्।